(२) उपदफा (१) बमोजिम भएको जरिबाना उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद-९

विविध

४७. आचार संहिता बनाउन सक्ने : (१) कारागार प्रशासकले कारागारको सुव्यवस्था कायम राख्न, बन्दीको अनुशासन कायम गर्न वा कारागारको सुरक्षा व्यवस्थापन गर्न कारागार कार्यालयका कर्मचारी, सुरक्षाकर्मी वा बन्दीले पालना गर्नु पर्ने आचार संहिता बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचार संहिताको पालना गर्नु कर्मचारी, सुरक्षाकर्मी, बन्दी तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको आचारसंहिता उल्लङ्घन गर्ने कर्मचारी वा सुरक्षकर्मीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ ।

४८. विशेष जिम्मेवारी बापत पाउने सुविधा : (१) कारागारको आन्तरिक व्यवस्थापनको लागि कारागार प्रशासकले बन्दीहरु मध्येबाट तोकिए बमोजिम चौकीदार, नाइके वा सहनाइके तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका चौकीदार, नाइके वा सहनाइके वा दफा २४ को उपदफा (४) बमोजिम तोकिएको शिक्षक वा दफा २६ बमोजिम कारखानामा काम गर्ने बन्दीको हकमा देहाय बमोजिमको कैद कट्टा हुनेछ :-

(क) चौकीदारको हकमा एक महिना बराबर पाँच दिन,

(ख) नाइकेको हकमा एक महिना बराबर चार दिन,

(ग) सहनाइकेको हकमा एक महिना बराबर तीन दिन,

(घ) शिक्षकको हकमा एक महिना बराबर पाँच दिन,

(ङ) कारखानामा काम गर्ने कामदारको हकमा एक महिना बराबर पाँच दिन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम सजाय माफी वा कम नहुने कसूरमा कैदमा रहेको बन्दीको हकमा कैद कट्टा हुने छैन ।

४९. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ

५०. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

५१. खारेजी र बचाउ : (१) कारागार ऐन, २०१९ खारेज गरिएको छ ।

(२) कारागार ऐन, २०१९ अन्र्तगत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।